म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७५ शनिबार २० माघ २०८० ने. सं. ११४४ पोहेलागा 3 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीमा ट्रकको ठक्करबाट एकजनाको मृत्यु

हेटौंडा, १९ माघ/मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा मालबाहक ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी गाउँपालिका-६, सुनादेवीमा ट्रकको ठक्करबाट मोटरसाइकल चालक चितवन माडी नगरपालिका-१२ का २० वर्षीय कोरेस चेपाङको मृत्यु भएको प्रहरीले जनाएको छ । विहीबार साँझ चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ७ ख १७९६ नम्बरको ट्रकले विपरित दिशाबाट जाँदै गरेको बागमती प्र ०६ ००१ प ४५३७ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा मोटरसाइकल चालक चेपाङ घाइते भएका थिए ।

घाइते चेपाङलाई उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज लगिएकोमा विहीबार नै डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार ट्रक चालक फरार रहेकोमा खोजी कार्य भइरहेको छ ।

# पहिला कपास खेती, त्यसपछि मात्र कपडा उद्योग संचालन

भानुभक्त आचार्य

हेटौंडा, १९ माघ/ कुनैबेला हेटौंडा औद्योगिक क्षेत्रमा संचालनमा रहेको हेटौंडा कपडा उद्योगमा कार्यरत मजदुर कर्मचारीले तलब पाएपछि हेटौंडा बजारको रौनक उम्दा हुने गरेको थियो । उद्योगले तलब बितरण गरेपछि हेटौंडा बजारमा आर्थिक चलायमानको अवस्था हुन्यो ।

कतिपय नागरिकको हातमा घडी नभएपनि हेटौंडा कपडा उद्योगको कामदार कर्मचारी परिवर्तन गर्ने साइरन नै नगर बासीको समय सूचक मानिन्थ्यो । बिहान ६ बजे, मध्यान्ह २ बजे र राति १० बजे एचआइडी भित्रको हेटौंडा कपडा उद्योगमा बजेको साइरन नै नगरवासीको समय सूचक मानिन्थ्यो । त्यही कपडा उद्योग अहिले सरकारी अभिलेखबाटै हटिसकेको छ । १२ माघ २०७९ को मन्त्रिपरिषद्ले हेटौंडा कपडा उद्योगको भवन तथा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (आइडीएम) लाई हस्तान्तरण गरी लिमिटेडमा सरकारको सेयर कायम गर्ने निर्णय गरिसकेको छ ।

हेटौंडा कपडा उद्योगले कामदार कर्मचारी ओसार्नका लागि संचालन गरेको बसको समयलाई ख्याल गरेर आफ्नो दैनिकी संचालन गर्ने नगरबासी पनि थिए । कपडा उद्योगमा जागिर खाने कामदार कर्मचारीको पोशाक पनि निकै आकर्षक मानिन्थ्यो । एउटै छानामुनी ६ सय भन्दा बढी महिलाले काम गर्ने नेपालकै सबैभन्दा ठूलो प्रतिष्ठान बनेको थियो हेटौंडा कपडा उद्योग । त्यही उद्योगको २ सय ५६ रोपनी जमिनको मूल्य २० करोड रुपैयाँ र भवन तथा भौतिक पूर्वाधारको मूल्य ८ करोड रुपैयाँ मूल्यांकन गरी सरकारले त्यो रकमबराबर सेयर औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेमा सरकारका नाममा कायम गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को निर्णयबाट खारेज गरिएको हेटौंडा कपडा उद्योगको विवरण कम्पनी रजिस्ट्रारको कार्यालय र उद्योग विभागबाट पनि हटाइएको छ । अब उद्योगको स्वामित्वमा कुनै जग्गा, भवन, मेसिनरी केही पनि बाँकी छैन । हेटौंडा कपडा उद्योगको आवासीय क्षेत्रका लागि छुट्याइएको २० बिगाहा क्षेत्रफल करिव एक दसक अघि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २३ उद्योगीलाई भाडामा लगाइसकेको छ । २०७१ मा तत्कालीन उद्योगमन्त्री महेश बस्नेतले विस्तारित औद्योगिक क्षेत्र (हेटौंडा औद्योगिक क्षेत्र-२) को शिलान्यास गरेका थिए । २० बिघा १२ कठ्ठा जग्गामा आईडीएमका तत्कालीन अध्यक्ष तथा प्रबन्धक नन्दकिशोर बस्नेतले औद्योगिक क्षेत्र विस्तार गरी भाडा आर्जन गर्ने बताएका थिए ।

तत्कालीन सरकारले हेटौंडा कपडा उद्योगलाई पटकपटक लिक्विडेसनमा लैजाने निर्णय गरेको थियो । उद्योगमा भएको मेसिनरी पुरानो भएका कारण काम लाग्दैन, यही अवस्थामा कपडा उत्पादन गर्दा बजारमा प्रतिष्पर्धा गर्न सम्भव छैन भनेर बिज्ञले पटकपटक सरकारलाई सुझाव दिएका थिए । तर, हरेक पटक बनेका सरकारले यो उद्योग चलाउने भनेर बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न छोडेका छैनन् ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले हेटौंडामा एक कार्यक्रममा कपासखेती गर्नका लागि सुरुवात नगरेसम्म हेटौंडा कपडा उद्योग संचालन हुने सम्भावना नरहेको बताएका छन् ।

मुख्यमन्त्री जम्कट्टेलको तर्क मनाशिव मानिन्छ । तीनदसक अघिसम्म बाँके, बर्दिया, कैलालीमा कपास विकास समितिले स्थानीय किसानलाई कपास खेती गर्न सहयोग गरेको थियो । समितिले किसानको कपास खरिद गरेर हेटौंडा कपडा उद्योगमा पठाउने गरेको थियो । तर, अहिले ति जिल्लाका किसानले कपास खेती गर्न छोडेको वर्षौं भयो । भारतीय बजारबाट कपास खरिद गरेर हेटौंडा कपडा उद्योग चलाउने सम्भावना पटक्कै छैन । मुख्यमन्त्री जम्कट्टेलले किसानलाई कपास खेती गर्नका लागि सरकाले उत्साह दिनुपर्ने सुझाव दिएका छन् ।

मित्रराष्ट्र चीनले सहयोग गरेको हेटौंडा कपडा उद्योगमा रहेको फलामका मेसिनरी २३ वर्षदेखि प्रयोगमा नआउँदा खिया लागेर काम नलाग्ने भइसकेको छ । उद्योगमा बिद्यमान पुराना मेसिन चलेछ भनेपनि त्यसले उत्पादन गर्ने कपडाको गज सानो छ, त्यो अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धी हुन सक्दैन । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका पूर्वअध्यक्ष बस्नेतका अनुसार हेटौंडा कपडा उद्योगका नाममा अहिले एकटुक्रा जमिन, भवन र कुनै मेसिनरी छैन । २०३२ सालमा स्थापना भएर २०३५ सालदेखि उत्पादन थालेको कपडा उद्योग २०५७ सालदेखि पूर्णरुपमा बन्द भएको हो ।

हेटौंडा कपडा उद्योगको जग्गामा एपेक्स इन्डस्ट्रिज, मकवानपुर बेभरेज प्रालि, मदरल्यान्ड एग्रिकल्चर इन्जिनियरिङ प्रा.लि, गढीमाई हाइड्रोमेकानिकल इन्जिनियरिङ वर्कसप, सहयात्री जीप उद्योग, लक्ष्मी पेन्ट्स उद्योग, कुलायन होम एप्लायन्स इन्डस्ट्रिज प्रालि, नाथ फुड्स इन्डस्ट्रिज प्रालिले भाडामा लिएर उद्योग चलाइरहेका छन् । हाल कपडा उद्योग रहेको १ सय ८८ रोपनी जग्गामा साना तथा मझौला खालका एक दर्जन उद्योग सञ्चालनमा आउन सक्छन् ।

उद्योग सञ्चालनमा रहँदा तीन सिफ्टमा उतपादनको काम हुने गरेको थियो । कोरा कपडा वार्षिक १ करोड १० लाख मिटर, सुती कपडा र बुट्टेदार र सेता कपडा २ सय ५० टनका दरले उत्पादन गर्ने गरेको थियो । उद्योगमा ८ सय कामदार कर्मारीले रोजगारी पाएका थिए । २०५७ सालमा उद्योग बन्द भएलगत्तै २०५८ मा सरकारले निजीकरण प्रयास गरी दुई पटकसम्म सूचना निकालेको थियो । तर, कुनै आवेदन परेन ।

२०६५ सालमा पुष्पकमल दहाल प्रचण्ड प्रधानन्त्री र डा. बाबुराम भट्टराई अर्थमन्त्री भएका बेला उद्योग सञ्चालनका लागि ८ करोडभन्दा बढी रकम विनियोजन गरियो । त्यो रकम बालुवामा पानी हाले सरह बन्यो । २०६९ मा उद्योगको सम्पूर्ण जायजेथा आईडीएममा आएपछि अस्तित्वमै नभएको हेटौंडा कपडा उद्योग चलाउने भनेर पटक-पटक सरकारका बजेटमा घोषणा भयो । पछिल्लो समय प्रधानमन्त्री प्रचण्डकै सक्रियतामा नेपाली सेनाले उद्योग सञ्चालनको अध्ययन गरेको छ । अहिले नेपाली सेनाले पटक-पटक कपडा उद्योगमै आएर अध्ययन गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय प्रमुख भोजराज बिनाडी बताउँछन् ।

# पाँच महिनादेखि हेटौंडा सिमेन्टको उत्पादन शून्य

साझाकुरा संवाददाता




हेटौंडा, १९ माघ/ सरकारी स्वामित्वमा सञ्चालित हेटौंडा सिमेन्ट उद्योगको उत्पादन पाँच महिनादेखि शून्य रहेको छ । सिमेन्ट उत्पादनका लागि आवश्यक पर्ने कोइला अभाव भएकाले उत्पादन हुन नसकेको उद्योग प्रशासनले जनाएको छ ।

सिमेन्ट उत्पादन नभए पछि प्राविधिक तथा प्रशासनिक कर्मचारी र श्रमिक कामविहीन भएका छन् । विगत चार आर्थिक वर्षदेखि निरन्तर घाटामा रहेको उद्योगबाट सिमेन्ट उत्पादन नहुँदा थप आर्थिक समस्या बढ्दै गएको उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले बताए । रकम अभावले कोइला खरिद गर्न समस्या भइरहेको उनको भनाइ छ ।

रकम अभाव भएपछि अवकाशप्राप्त कर्मचारीले पाउने सेवा सुविधासहितको उपदान नपाएको गुनासो आइरहेको छ । उपदान नपाउने कर्मचारीको संख्या १५ रहेको उद्योग प्रशासनले जनाएको छ । दैनिक सात सय पचास मेट्रिकटन सिमेन्ट उत्पादन हुनुपर्ने यो उद्योगबाट असोजदेखि उत्पादन शून्य भएको छ । हाल विगतमा उत्पादित मौज्दात सिमेन्ट बिक्री भइरहेको छ । उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्षमा दुई लाख ४९ हजार चार सय ५६ बोरा सिमेन्ट हालसम्म बिक्री भइसकेको छ ।

उद्योगका महाप्रबन्धक पाण्डेले कोइलाको आपूर्ति हुनासाथ काम अगाडि बढाइने बताए । उद्योगले एकपटक बोलपत्र आह्वान गर्दा १३ हजार मेट्रिकटन कोइला आपूर्ति हुने गरेको छ । आव वर्ष २०७६/७७ देखि २०७८/७९ सम्ममा उद्योगलाई ६५ करोड ४७ लाख १६ हजार सात सय ८२ नोक्सान भएको थियो । गत आवमा मात्र २३ करोड ५५ लाख नोक्सान भएको थियो । उद्योग सञ्चालनको माग गर्दै अखिल नेपाल मजदुर संघले आन्दोलन गरिरहेको छ । उद्योगमा हाल ज्यालादारी तथा स्थायी गरी करिब तीन सय कर्मचारी कार्यरत रहेका छन् । यसैबीच हेटौंडामा निजी क्षेत्रबाट सञ्चालित शिवम् र ऋद्धिसिद्धि सिमेन्ट उद्योग निन्तर सञ्चालित छन् ।

## वडास्तरीय खेलकुद प्रतियोगिता हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मकवानपुरको हेटौंडामा वडास्तरीय खेलकुद प्रतियोगिता हुने भएको छ । हेटौंडा उपमहानगरपालिका-४ को आयोजना तथा शैक्षिक सुधार समिति वडा नम्बर-४ को व्यवस्थापनमा प्रथम वडास्तरीय खेलकुद प्रतियोगिता हुने भएको हो ।

आगामी माघ २६ र २७ गते हेटौंडाको हुप्राचौरमा वृहत खेलकुद प्रतियोगिता हुने शुक्रबार हेटौंडामा पत्रकार भेटघाट गरी जानकारी दिइएको हो । ४ नम्बर वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको सहभागिता रहने प्रतियोगितामा माघ २५ गतेसम्म नाम दर्ता गराउनु पर्ने ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिए । प्रतियोगितामा एथलेटिक्स, रिलेदौड, लङजम्प, ट्रिपल जम्प, सटपुट, भलिबल, फुटबल र क्रिकेटलगायतका खेल हुनेछन् ।

अध्यक्ष सिग्देलले विद्यालय स्तरबाटै खेलाडी उत्पादन गर्नसके मात्र खेलकुदलाई प्रबर्द्धन गर्न सकिने बताए । प्रतियोगिताका विजेतालाई प्रमाणपत्र मात्र वितरण गरिने उनले जानकारी दिए । कार्यक्रमको अन्त्यमा उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिने बताइएको छ । ४ नम्बर वडाले संस्थागत र सामुदायिक विद्यालयबीच समन्वयन गरेर विद्यालयस्तरका कार्यक्रम गरिरहँदा विद्यालयबीचको विभेद अन्त्य गरेको उनले दाबी गरे ।

खेलकुद प्रतियोगिता पश्चात वडाले जिल्लास्तरीय शिक्षक भलिवल, शिक्षक उत्प्रेरणा तथा शैक्षिक अन्तक्रिया, ईसीडी शैक्षिक सामग्री निर्माण तालिमलगायत कार्यक्रम गर्ने तयारी गरिएको शैक्षिक सुधार समिति अध्यक्ष श्रीराम दाहालले जानकारी दिए । वडाले यसअघि वृहत शैक्षिक प्रदर्शनी, नृत्य तथा गायन प्रतियोगिता गरेको थियो ।

**घर तथा फ्याट भाडामा**

३० धुर जग्गा रहेको ५ कोठा भएको र चार पाँच वटा गाडी पार्किङ्ग गर्न मिल्ने सुविधा सम्पन्न भएको घर भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

सम्पर्कका लागी

सम्पर्क नं. ९८६०६७६०५१, ९८६५०३२००६

हेटौंडा-१, स्वर्गलोकपथ, सहकारी अस्पतालको पछाडी

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सरकारी डाटा सेन्टरमा अब सरकारकै चाबी




२४ माघ, २०७९ मा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भृकुटीमण्डपमा 'सूचना प्रविधि मेला'को उद्घाटन गर्दै सरकारी डाटा सेन्टरहरुको मुख्य साँचो सरकारसँग नभएको बताएपछि धेरैले ध्यानाकर्षण जनाए । 'मैले के बुझें भने हामीसँग थुप्रै डेटा सेन्टर छन्, त्यसको सुरक्षा र मुख्य साँचो (मेन कि) हामीसँग छैन,' उनले भनेकी थिइन्, 'हामी राष्ट्रियताको कुरा गर्छौं, त्यसलाई कसरी बचाउन सक्छौं ? मन्त्रालयहरुको सम्वेदनशील सफ्टवेयर त छ, त्यसको मुख्य कुरा कहाँ छ भन्ने कुरा हामीलाई नै थाहा छैन ।'

अब भने सरकारले डाटा सेन्टर को चाबी आफ्नै हातमा ल्याउन काम थालेको छ । राजनीतिक नियुक्तिबाट आउने नेतृत्वले अस्थायी र करारका कर्मचारीमार्फत सरकारको डाटा सेन्टर चलाउने अवस्था हटाउन नयाँ संगठन संरचना बनाइएको छ ।

३ माघको मन्त्रिपरिषद बैठकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर गतका विभिन्न दरबन्दीहरु पुनरावलोकन गर्दै एकीकृत डाटा व्यवस्थापन केन्द्रका रुपमा संगठन संरचना बदलेर 'राष्ट्रिय सूचना प्रविधि केन्द्र'लाई कायम राख्ने निर्णय गरेको छ । अब राष्ट्रिय सूचना प्रविधि केन्द्र सूचना प्रविधि विभाग मातहत रहनेछ ।

योसँगै सरकारी डाटा सेन्टरका चलाइरहेको राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी) खारेज हुनबाट पनि जोगिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को बजेटले राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरेर यसको सबै काम सूचना प्रविधि विभागले गर्ने घोषणा गरेको थियो । तर, सरकारले विभागको संगठन संरचना समेत परिवर्तन गरेको छ र सूचना प्रविध केन्द्रलाई सञ्चार मन्त्रालय र सूचना प्रविधि विभाग अन्तरगतकै एक कार्यालयका रुपमा राख्ने गरी संगठन संरचना स्वीकृत गरेको छ ।

सरकारले अहिलेसम्म अस्थायी र करार कर्मचारीका भरमा चलिरहेको केन्द्रलाई अब स्थायी समेत गरी कूल ५९ वटा दर बन्दीहरु दिएको छ । डाटा सेन्टरमा ४४ इन्जिनियर (टेक्निसियनसहित)को दरबन्दी कायम भएको छ । ५९ मध्ये काठमाडौंको डाटा सेन्टरमा भने ३९ जनाको मात्रै दरबन्दी स्वीकृत भएको छ ।

यसअघिको संगठन संरचनाबाट प्रशासनिक कर्मचारी घटाएर अब स्थायी दर बन्दीका प्राविधिक जनशक्तिको दरबन्दी थपिएको छ । केन्द्रको नेतृत्व अर्थात कार्यालय प्रमुख विविध सेवा अर्थात सूचना प्रविधितर्फका सहसचिवले गर्नेछन् । हालसम्म ५ वर्षको राजनीतिक नियुक्ति लिएर आउने इन्जिनियरले केन्द्रको नेतृत्व गर्ने गरेका छन् ।

हालसम्म राजनीतिक नियुक्ति लिएर केन्द्रको नेतृत्व गरेका धेरै जना अकर्मण्यता, आर्थिक चलखेल र भ्रष्टचारमा समेत विवादित भएका थिए । तत्कालीन कार्यकारी निर्देशक बिकल पौडेल र सुनिल पौडेलविरुद्ध विशेष अदालतमा मुद्दा चलिरहेको छ । उनीहरु अहिले अकुत सम्पत्ति आर्जनको अनुसन्धानमा तानिएकाले अख्तियारकै हिरासतमा समेत छन् ।

अब सहसचिवले नेतृत्व गर्ने केन्द्रको सूचना प्रविधि शाखामा सूचना प्रविधि हेर्ने एक जना उपसचिव (निर्देशक) रहेनछन् । ४ जना डाटा सेन्टरसम्बद्ध कम्प्युटर अधिकृत, ३ जना सिस्टम एडमिनिस्ट्रेसन हेर्ने कम्प्युटर अधिकृत, ३ जना नेटवर्क एडमिनिस्ट्रेसन हेर्ने कम्प्युटर अधिकृत, ३ जना सेक्युरिटी हेर्ने कम्प्युटर अधिकृत र ३ जना कम्प्युटर टेक्निसियन (नासु)को दबरन्दी पनि केन्द्रमा राखिएको छ ।

विद्युतीय प्रणाली सञ्चालन शाखामातर्फ एक निर्देशक (उपसचिव)सहित ३ जना कम्प्युटर इन्जिनियर, २ इलेक्ट्रिकल इन्जिनियर र २ जना इलेक्ट्रिकल टेक्निसियन (नासु)को दरबन्दी पनि दिइएको छ ।

आन्तरिक व्यवस्थापन तथा योजना एकाइका लागि १ जना शाखा अधिकृत, १ जना लेखा अधिकृत, ३ जना कम्प्युटर इन्जिनियर, १ जना नासु, ३ जना हलुका सवारी चालक र ४ जना कार्यालय सहयोगीको दरबन्दी दिइएको छ ।

सूचना प्रविधि केन्द्र मातहत नै रहने डिजास्टर रिकभरी कार्यालय, हेटौडामा निर्देशक (उपसचिव)ले नेतृत्व गर्नेछन् । सो केन्द्रलाई थप २० जनाको दरबन्दी दिइएको छ । डिजास्टर रिकभरी कार्यालयको डाटा सेन्टर हेर्ने १ जना कम्प्युटर अधिकृत, सिस्टम एड्मिनिस्ट्रेसन हेर्न ३ जना अधिकृत, ३ जना नेटवर्क एड्मिनिस्ट्रेसन हेर्न कम्प्यूटर अधिकृत र २ जना डाटा सेन्टर हेर्न कम्प्युटर टेक्निसियन (नासु)को दरबन्दी दिइएको छ । सो कार्यालयका लागि १ जना इलेक्ट्रिकल इन्जिनियर र ३ जना इलेक्ट्रिकल टेक्निसियन (नासु)सहित प्रशासनतर्फ १ नासु, १ लेखापाल, २ हलुका सवारीचालक र २ कार्यालय सहयोगीको दबरन्दी सिर्जना गरिएको छ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रले सर कारी डाटाको भण्डारण, सञ्चालन, व्यवस्थापन, प्रशोधन तथा सुरक्षण, साझा कम्प्युटिङ स्रोतहरू, परामर्श सेवा, सरकारी डोमेन दर्ता, इमेल सर्भर, सरकारी नेटवर्क व्यवस्थापनको काम गरिरहेको छ । यसका अतिरिक्त कोलोकेसन सेवा, भर्चुलाइजेसन, क्लाउड सेवा, वेब होष्टिङ, सफ्टवेयर विकास र जनशक्ति तालिमको जिम्मा पाएको छ ।

बजेटपछि केन्द्रको निकायको सम्पत्ति र कार्यजिम्मेवारी कसरी विभाग मातहत लैजाने भन्नेबारे छलफल भएको थियो । तर, डाटा सेन्टर चलाउन सक्ने प्राविधिज्ञ नभएको विभागमातहत राख्दा पनि सरकारी सर्भरको समस्या र चुनौती समाधान नहुने निष्कर्षसहित नेपाल सरकारकै सहसचिवले नेतृत्व गर्ने र स्थायी दरबन्दीबाटै पदपूर्ति गर्ने गरी संगठन संर चना तयार गरिएको हो ।

सूचना प्रविधि विभागले दिइरहेका एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, सरकारी क्लाउड (जी क्लाउड), ई-हाजिरी प्रणालीजस्ता सेवाहरूमा पनि समस्याग्रस्त रूपमा चलिरहेकाले सरकारले सूचना प्रविधि केन्द्रलाई छुट्टै राख्ने निर्णय गरेको हो ।

आफ्नो कामलाई विभाग मातहत लैजाने सरकारी निर्णयप्रति सूचना प्रविधि केन्द्रभित्र नै चरम असन्तुष्टि थियो । विमानस्थलदेखि पासपोर्ट, रीष्ट्रिय परिचयपत्रजस्ता कयौं संवेदनशील सेवाहरू जोडिएको सूचना प्रविधि केन्द्र चौबिसै घण्टा काम गर्ने निकाय हो । समस्या आउँदा तुरून्तै निर्णय गरेर समाधानमा लागिहाल्नुपर्ने भएकाले यो निकाय संवेदनशील पनि मानिन्छ ।

तर, पटक-पटक सरकारी सर्भर डाउन हुनेदेखि डाटा सेन्टरबाट तथ्यांक नै गायब हुनेसम्म घटनाले सूचना प्रविधि केन्द्र खारेजीको निर्णयसम्म पुगेको थियो । प्रत्यक्ष सरकारी निगरानीमा डाटा सेन्टर चलाउने योजना बनाएको सरकारले खारेजीको निर्णय रोक्दै संगठन संचना बदलेको छ ।

सूचना प्रविधि केन्द्रमा पटक-पटक इन्टरनेट सेवा विच्छेद भइरहने, इमेलमा विभिन्न समस्या आइरहने, होस्टिङ भएका वेबसाइट नखुल्ने वा ढिला खुल्ने लगायत अनेक समस्या दोहोरिरहेका हुन्छन् । झन् पछिल्ला वर्षमा त सरकारी डाटा नै हराउन थालेको छ । यसले सरकारी तथ्यांक व्यवस्थापन प्रणालीले विश्वसनीयता गुमाउने अवस्था आएको छ ।

अहिलेसम्म सूचना प्रविधि केन्द्रमा तथ्यांकको सुरक्षाबारे बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र बनाइएको छैन । यसका कारण डाटा सेन्टरका तथ्यांकको पाइरेसी, ह्याकिङ, भाइरस, फिसिङ, मालवेयर जस्ता साइबर थ्रेटको जोखिम बढिरहेको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले औंल्याउँदै आएको छ । सूचना प्रविधि केन्द्रमा रहेका सबै डाटाको 'मिररिङ' (ब्याकअप प्रणाली) नै छैन ।

२०६७ सालमा स्थापित भण्डारण सञ्जाल नै आजको 'सरकारी एकीकृत डाटा केन्द्र' हो । केही गरी समस्या आएमा सबै डाटा नष्ट नहोस् भनी ३१ वैशाख २०७६ देखि मकवानपुरको हेटौंडामा 'डिजास्टर रिकभरी केन्द्र' सञ्चालनमा छ । तर, हेटौंडामा रहेका डिजास्टर रिकभरी सेन्टरमा पनि सबै डाटाको ब्याकअप राख्ने प्रचलन बसेको छैन ।

सूचना प्रविधि केन्द्रले आफ्ना र्‍याकमा सर्भर राखेर सेवा दिने कार्यालय र निकायहरूको उपकरणको चुस्त अभिलेख राख्ने गरेको छैन । सर्भरको क्षमता कति हो र सेवाग्राहीको चाप अनुसार ती सर्भरमा हुनुपर्ने क्षमता कति हो भन्ने विश्लेषण समेत गर्दैन ।

सबैजसो सरकारी निकायहरूको अति महत्वपूर्ण र गोप्य सूचना भण्डारण हुने तथा अत्यावश्यक सेवा प्रदान गर्ने डाटा सेन्टर जस्तो निकायको गुणस्तर परीक्षण र स्तर निर्धारण समेत भएको छैन ।

खरिद गरिएको सफ्टवेयर र यसको नियमित रूपमा अद्यावधिक गर्नुपर्ने अवधि, हार्डवेयरको प्रयोग गर्न मिल्ने आयु, लाइसेन्स अवधि, विद्युत् आपूर्तिको वैकल्पिक स्रोतको रूपमा प्रयोग भएका ब्याट्रीको व्यवस्थापन लगायत काम हुन सकेको छैन ।

महालेखा परीक्षकको कार्यालयको ५९औं प्रतिवेदनअनुसार, कोलोकेसन (सर्भर) सेवा लिएका निकायको विवरण र आगो निभाउने यन्त्रको ग्याँस फेर्ने समयतालिका लगायत महत्वपूर्ण विवरण समेत केन्द्रसँग नहुनेसम्मको अवस्था छ ।

हालसम्म डाटा सेन्टरको आन्तरिक सिस्टम अडिट र नियमित टेक्निकल अडिट पनि गरिएको छैन । सबैजसो सरकारी निकायहरूको अति महत्वपूर्ण र गोप्य सूचना भण्डारण हुने तथा अत्यावश्यक सेवा प्रदान गर्ने डाटा सेन्टर जस्तो निकायको गुणस्तर परीक्षण र स्तर निर्धारण समेत भएको छैन । केन्द्रले अन्तर्राष्ट्रियस्तरको सुरक्षा मापदण्ड पूरा हुने गरी बहुपक्षीय तथा बहुतहको तथ्यांक सुरक्षाको व्यवस्था पनि गरेको छैन ।

राष्ट्रिय वा 'आईएसओ २७००१ प्रमाणपत्र'जस्ता अन्तर्राष्ट्रिय मान्यता प्राप्त परीक्षण गराएर सर्भर सुरक्षा ग्यारेन्टी गर्नुपर्ने मान्यता छ । त्यसका लागि नियमित आन्तरिक तथा बाह्य परीक्षणसमेत गराउनुपर्नेमा त्यसतर्फ केन्द्रले चासो दिएको छैन ।

बाह्य निकायबाट प्राविधिक परीक्षण नगराउँदा सूचना प्रविधि केन्द्रले डाटा सेन्टरमा साइबर र भौतिक सुरक्षा जोखिम पत्ता लाग्न सकेको छैन । पूर्वाधारको गुणस्तर, वातावरण, सुरक्षा, पहुँच, प्रकोप व्यवस्थापनमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार डाटा सुरक्षित गर्ने काम भएको छैन ।

डाटा सेन्टरमा कार्यरत अधिकांश जनशक्ति करारबाट लिइएका छन् । कतिपयले विशिष्ट योग्यता, दक्षता, विज्ञता हासिल गरेका छैनन् । नेटवर्क, डाटाबेस, कुलिङ, पावर, नेटवर्किङ तथा अन्य पूर्वाधारबारे ज्ञान भएको जनशक्ति नै छैनन् । सबै काम कम्प्युटर इन्जिनियरहरूको भरमा छाडिएको छ । यसकै कारण सामान्य समस्या भएमा सूचना प्रविधि केन्द्रले बाह्य पक्षसँग सेवा लिन बाध्य हुन्छ । सूचना प्रविधि केन्द्रमा बाहिरबाट जोकोही सजिलै जान नसक्ने प्रभावकारी पहुँच नियन्त्रण प्रणाली समेत छैन ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी मन्त्रिपरिषदले सेवा प्रभावकारी बनाउने गरी सूचना प्रविधि केन्द्रको संगठन संरचना स्वीकृत गरेको बताउँछन् ।

'हामीसँग निर्णय आइपुग्न बाँकी छ,' उनले भने,'तर, संगठन संरचना बदलिएपछि प्रशासनिक खर्च घट्छ र प्राविधिक सेवा स्तर बढ्छ, त्यसले सरकारको सेवा प्रणालीहरु थप सहज र सदृढ हुन्छन् ।'

## साहित्य

लघुकथा

# लक्ष्मी

✍मनोहर पोखरेल

बजार जान हतारिएको थिएँ । ढिलो भए पसलमा खुट्टा राख्ने ठाउँ हुँदैन थियो । तिहारको चहलपहल । त्यसमाथि किनमेलको लागि उत्तम मानिएको धनतेरसको दिन । म अन्नले भरिपूर्ण लक्ष्मीको मुर्ति किन्न चाहन्थें ।

'आमा, हामीलाई झिरझिरे, फुलझारी र अनारकली किनिदिनु पर्छ ।' छोरीले फरमाइश सुनाउँदै सँगै जाने जिद्दी गरी । छिमेकी प्रहरी दाईका छोराछोरीको देखासिकी उनीहरुले रहर गरेका थिएँ । चाडपर्वका बेला छोरीलाई उदास पार्न नचाहेर साथै लगे ।

भाँडा-कुँडा र साजसज्जाको पसलहरूमा भीड देखिन्थ्यो । मानिसहरु धनधान्यकी देवी लक्ष्मीलाई खुसी बनाई सम्पन्नता भित्र्याउन चाहन्थे । गच्छेअनुसार स्टिल, तामा, पित्तल र सुनचाँदीका भाँडा किन्दै थिए । मैले लक्ष्मीको स्थायी बास हुने विश्वासले चाँदीको मुर्ति किने । फर्किदा सडकपेटीमा कमलको पुष्पासनमा बसेकी लक्ष्मीजी र गणेशजीको आकर्षक माटाको मूर्तिले ध्यान खिच्यो ।

'अरे तिमी यहाँ ।' मुर्ति बेचिरहेकी लक्ष्मीनियाँलाई चिनिहाले । उनले नमस्कार गर्दै भनी 'तरकारी बेचेको देख्नु भाथ्यो, आज राम्रो व्यापार हुन्छ भनेर मुर्ति बेचेको नि दिदी ।' उनले मेरो आश्चर्यजनक हेराई बुझेर नै जवाफ दिएकी थिइन् ।

श्रीमानको मृत्यु पछि लक्ष्मीनियाँ दिनरात मेहनत गर्थिन् । घरको जिम्मेवारीले समयअनुसार समानहरु बेच्ने गरेको कथा उनले सुनाइन् । 'आज विहानैदेखि पसल थापेको दिदी, राम्रो बिक्री भयो । छोरीलाई ठूलो मान्छे बनाउनु छ, घर फर्किदा नयाँ झोला र पुस्तकहरु किनेर लैजान्छु ।' मैले उनको आँखामा नाचिरहेको पुस्तकले भरिएको झोला देखे । अनी छोरीको हातको झिरझिरेको झोला र आफ्नो हातको मुर्ति नियाले । मनमनै सोचे- 'कसले भित्र्याउँदैछ लक्ष्मी !'


## यौनस्वास्थ्य

# पति-पत्नी एक्लै सुत्दा निद्रा सप्रने, सम्बन्ध बिग्रने

विवाहित दम्पती बेग्ला बेग्लै सुत्ने चलन पछिल्लो समय बढेको छ । घुर्नेलगायत समस्याले गर्दा सँगै नसुत्नेहरू पनि छन् । साइकोलोजी रिसर्चले गरेको एउटा सर्वेक्षणमा २५ देखि ४० प्रतिशत विवाहित जोडीले बेग्लै सुत्न रुचाउने बताएका थिए ।

यसरी श्रीमान् श्रीमती छुट्टा छुट्टै सुत्दा दुवैको निद्रा राम्रो हुने भए पनि एक अर्काबिच इमोशनल र फिजिकल अट्याचमेन्टको कमी हुने पाइएको छ । यसका कारण सम्बन्ध टुट्ने स्थितिसम्म आउने गरेको छ । यस्ता जोडीको यौन जीवन बिग्रन्छ ।

यस्तो स्थितिलाई स्लिप डिभोर्स (अर्थात् सुत्दा चाहिँ बेग्ला बेग्लै हुने) भनिन्छ । दम्पती सँगै नसुत्नुका अनेक कारण हुन सक्छन् । यसरी सुत्नुका केही फाइदा र केही घाटा पनि छन् ।



**अमेरिकामा एक तिहाइ दम्पती छुट्टा छुट्टै कोठामा सुत्छन्**

एक्लै सुत्दा सम्बन्धमा खासै असर पर्दैन भनेर सोच्नु हुन्छ भने तपाई एकदम गलत सोच्दै हुनु हुन्छ । अमेरिकामा गरिएको एउटा अनुसन्धानमा पेन्सिलभेनिया राज्यमा ३० प्रतिशत विवाहित जोडी सधैं बेग्ला बेग्लै कोठामा सुत्ने गरेको पाइएको थियो ।

यस्तो खालको सम्बन्धमा कस्तो खालको व्यवहार हुन्छ, यसले सम्बन्धमा के कस्ता असर पार्छ भनेर बुझ्न कयौं अनुसन्धान भएका छन् । यी अनुसन्धानहरूले पति-पत्नी वा प्रेमी-प्रेमिका बेग्ला बेग्लै कोठामा सुत्नु सम्बन्धका लागि खतरनाक साबित हुने देखाएको थियो ।


**एक्लै सुत्दा निद्रालाई फाइदा, प्रेम र सम्बन्धमा क्षति**

क्लिभल्यान्ड क्लिनिकको हेल्थ एसेन्शियल्सको रिपोर्टका अनुसार दम्पती वा प्रेमी प्रेमिका बेग्ला बेग्लै खाट वा कोठामा सुत्नु निन्द्राका लागि फाइदाजनक भए पनि सम्बन्धका लागि खतरनाक छ । एक जनाको घुराई, बत्ती नबाली सुत्न नसक्ने बानी, एसीको तापमान दुबैलाई फरक फरक चाहिने, निद्राको फरक प्रकृति वा झगडा जस्ता कयौं कारणले गर्दा दम्पतीहरू बेग्ला बेग्लै सुत्न सुरु गर्ने गरेको पनि अध्ययनले देखाएको छ । समय बित्दै जाँदा यो बानी उनीहरूको लागि बाध्यता बन्न पुग्छ अनि चाहेर पनि उनीहरू एउटै ओछ्यान सँगै सुत्न सक्दैनन् । एक्लै सुत्नु उनीहरूको बानी र आवश्यकता बनिसकेको हुन्छ । यसका कारण बिस्तारै सम्बन्ध बिग्रन थाल्छ ।

पछिल्लो समय स्लिप डिभोर्सको मामिला संसारभर बढ्न थालेको छ । रिलेसनसिप कोचहरूकहाँ यस्ता गुनासा लिएर आउने जोडीको संख्या बढ्दो छ । यौन सम्पर्क नै नभए पनि साथमा सुत्दा दम्पतीको सम्बन्धमा बलियो हुन्छ । भावनात्मक रूपमा एकअर्काको नजिक भइन्छ । आपसी बन्डिङ दरिलो बन्छ । पार्टनरले एक अर्कालाई छुँदा मात्रै पनि ह्याप्पी हर्मोन रिलिज हुन्छ । दुबैमा स्वत: माया गहिरो बन्दै जान्छ । शारीरिक टचको मतलब यौन सम्बन्ध मात्रै हुन्न ।

छुट्टा छुट्टै सुत्दा पर्याप्त निद्रा पाइन्छ । अनिद्राको समस्या भएकाहरूका लागि एक्लै सुत्नु फाइदाजनक साबित हुन सक्छ । तर यस्तो गर्दा पार्टनरसँगको भावनात्मक र शारीरिक निकटता ध्वस्त हुन्छ । यौन जीवनमा खलल उत्पन्न हुन्छ । कुराकानी र पारिवारिक संरचनामा समेत नोक्सान पुग्ने क्लिभल्यान्ड क्लिनिकको हेल्थ एसेन्शियलसको रिपोर्टले देखाएको छ । यी समस्याहरू न्यूनीकरण गर्न हरेक रात केही घण्टा मात्रै भए पनि सँगै सुत्ने, एउटै कोठामा फरक फरक ओछ्यान लगाएर सुत्ने, आदि उपायहरू अपनाउन सकिने विज्ञहरू बताउँछन् । ताकि एउटै छतमुनि बस्दा एक अर्काको उपस्थिति र भावनात्मक लगाव महसुस होस् ।

## चित्रकला



दिपशना थापा

कक्षा: १०, जी.एस. निकेतन मा.वि. हेटौंडा

# लायन्स क्लबद्वारा आँखा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ लायन्स क्लब ईन्टरनेशनल ३२५ एसले मकवानपुर सहित बारा र सर्लाहीमा निशुल्क आँखा शिविर गर्ने भएको छ । लायन्सका एरिया चिफ जेपी यादवले मकवानपुरमा तीन दिन, बारामा २ दिन र सर्लाहीमा एक दिन निःशुल्क आँखा शिविर संचालन गर्ने बताए ।

२० गते शनिबार मकवानपुरगढी गाउँपालिका-२ शिखरकटेरीमा रहेको स्वास्थ्यचौकी परिसरमा आँखा शिविर गरिने, २१ गते आइतबार बागमती गाउँपालिकाको राईगाउँमा र बारा जिल्लाको ईनर्वामा आँखा शिविर गरिने यादवले बताए । त्यस्तै, २२ गते सोमबार सर्लाहीको रामनगरमा र मकवानपुर गढीको वडा नम्बर ८ बुढिचौरमा कार्यक्रम रहेको छ । यसैगरी २३ गते मंगलबार बाराको हरिपुरमा र मकवानपुरको पाथिभरामा आँखा शिविर सञ्चालन गरिने चिफ यादवले बताए ।




हेटौंडा सामुदायिक अस्पतालको प्राविधिक सहकार्यमा शिविर सञ्चालन गरिने जनाइएको छ । शिविरपश्चात अप्रेसन र चश्मा निःशुल्क क्लबले नै गर्नुका साथै विरामी कुरुवालाई खानाको व्यवस्था गरिने जनाइएको छ । 'चार दिनको लक्ष्य भने सोह्र सय जनाको परीक्षण गर्ने हो । करिब ३ सय जनाको मोतियाविन्दुको अप्रेसन गर्ने तयारी छ, चिफ यादवले भने ।', निःशुल्क आँखा परीक्षणका साथै अप्रेसन समेत निःशुल्क गर्ने क्लबको तयारी रहेको यादवले बताए ।

यसैगरी, लायन्स क्लब ईन्टरनेशनल अन्तरगत नेपालमा २ वटा एरिया रहनुका साथै १५ वटा डिष्ट्रिकमध्ये ३२५ एस क्षेत्रमा काठमाडौं, मकवानपुर र पर्सा जिल्लामा क्रियाशील रहेका क्लबहरु छन् । यस एरियामा १२१ वटा क्लब आवद्ध रहेको छ जसमा मकवानपुरमा ३१ वटा क्लब रहेको एरिया चिफ यादवले बताए । एउटा डिष्ट्रिकले ४ वटा क्याविनेट बैठक र एक कन्भेन्सन गर्दै हरेक कन्भेन्सनले नयाँ डिष्ट्रिकका पदाधिकारी चयन गर्ने प्रचलन अनुरुप जुलाईबाट लागु हुने गरी एक वर्षको अवधिका लागि डिष्ट्रिक गर्भनर बन्नेछन् ।

हाल वीरगञ्ज निवासी देवकीनन्दन अग्रवाल डिष्ट्रिक गर्भनर रहेका छन् । आज र भोलि दुई दिन सञ्चालन हुने क्याविनेट बैठकबाट मकवानपुर निवासी टासीडोल्मा तुम्बाहाम्फे डिष्ट्रिक गर्भनरको रुपमा २०२४ को लागि चयन हुने यादवले बताए । बैठकमा मकवानपुरका तीन सय, वीरगञ्जबाट २५०, काठमाडौंबाट करिब दुई सय लायन्सको सहभागिता हुने जनाइएको छ । लायन्सले स्वास्थ्य, शिक्षा, खानेपानीका साथै प्राकृतिक प्रकोपमा परेकालाई सहयोग प्रदान गरी योगदान गर्दै आइरहेको छ ।

# हेटौंडा जेसीजद्वारा न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ हेटौंडा जेसीजले बागमती गाउँपालिका-७ बाखेस्थित बालविकास आधारभूत विद्यालयमा अध्ययनरत ३० जना बालकालिकालाई न्यानो कपडा वितरण गरेको छ ।

हेटौंडा जेसीज वर्ष सन् २०20 का अध्यक्ष राजदेव बानियाँको बुबा विहारीलाल बानियाँको स्मृतिमा बालबालिकालाई न्यानो कपडा वितरण गरिएको हो । बाल बालिकालाई जुत्ता, मोजा, ट्र्याकसुटलगायत कूल ५० हजार रुपैयाँ बराबरको पोशाक वितरण गरिएको हो । जेसीज वर्ष सन् २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठको अध्यक्षतामा भएको पोशाक वितरण कार्यक्रममा बागमती गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा गाउँपालिका-७ का अध्यक्ष उत्तरबहादुर भ्लोन, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अक्कलबहादुर घलान, प्रधानाध्यापक कल्पना बस्नेतलगायतले बालबालिकाको लागि जेसीजले विद्यालयमै आएर सहयोग उपलब्ध गराएकोप्रति धन्यवाद दिए । कार्यक्रममा हेटौंडा जेसीजका पूर्वअध्यक्षहरु राजदेव बानियाँ, धर्मराज बानियाँ, कुशकुमार रिजाल, देवेन्द्रध्वज कार्की, निवर्तमान अध्यक्ष श्रवणकुमार बर्तौला, कार्यक्रम संयोजक विवेक बानियालगायतको उपस्थिति रहेको थियो । कार्यक्रमलाई महासचिव पंकजदास बानियाँले सहजीकरण गरेका थिए भने कार्यकारिणी उपाध्यक्ष विवेकानन्द न्यौपानेले स्वागत मन्तव्य र तालिम संयोजक सन्तोष पराजुलीले आस्थापाठ गरेका थिए ।

# मकवानपुरमा साढे १५ हजार बढी सवारी कारबाहीमा

हेटौंडा, १९ माघ/ मकवानपुरमा पछिल्लो ६ महिनाको अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने झण्डै १६ हजार सवारीसाधन कारबाहीमा परेको छ ।

चालु आर्थिक वर्षको गत साउनदेखि पुष महिनासम्मको अवधिमा १५ हजार ८ सय ५९ सवारीसाधन कारबाहीमा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । यो अवधिमा सबैभन्दा बढी मोटरसाइकल र जीप/कार कारबाहीमा परेका छन् । जसमा ३ हजार ४ सय ९४ वटा ट्रक, १ हजार ४० ट्यांकर/टिपर, ३ हजार ७ सय १७ जिप/कारलाई ट्राफिक प्रहरीले कारबाहीको दायरामा ल्याएको हो । यसैगरी, सो अवधिमा ४ हजार ७ सय ५० मोटरसाइकल, २ सय ९४ ट्याक्टर, २ हजार ५ सय ६४ टेम्पो अटो इ-रिक्सा कारबाहीमा परेको हो ।

# चनौटा सामुदायिक वनको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ हेटौंडा उपमहानगरपालिका-१९, स्थित चनौटा सामुदायिक वन उपभोक्ता समूहको शुक्रबार २५ औं वार्षिक साधारणसभा भएको छ ।

डिभिजन वन कार्यालय, राप्तीका प्रमुख लोकराज नेपालको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष हरिशरण पौडेलको सभाध्यक्षतामा साधारणसभा भएको हो । सभामा अध्यक्ष पौडेलले संस्थागत प्रतिवेदन र चालु आव.०८०/८१ को लागि ३१ लाख ४६ हजारको अनुमानित आयव्यय विवरण, सचिव कुसुम पौडेलले प्रगति प्रतिवेदन र कार्यसमिति सदस्य लोकेन्द्र कार्कीले आव २०७९/८० को लेखापरीक्षण प्रतिवेदन पेश गरेका थिए ।



सभामा समूहका विपन्न वर्गका उपभोक्तालाई छात्रवृत्ति वितरण गरिनुका साथै उत्कृष्ट उपभोक्तालाई पुरस्कृत गरिएको थियो । समूहले विपन्न वर्गका विद्यार्थीमा कविता तामाङ, कुमार अर्याल, विष्णुबहादुर खड्का र उत्कृष्ठ उपभोक्तामा मिठु अर्याललाई नगद पुरस्कार प्रदान गरेको थियो ।

सभामा हेटौंडा-१९ का वडाअध्यक्ष नरनाथ सुवेदी, सब डिभिजन वन कार्यालय, बसामाडीका रेन्जर ज्ञानकुमार रिजाल, सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, समूहका सल्लाहकार रामप्रसाद पौडेल, प्रकाश थोकर, जनहित सामुदायिक वनका अध्यक्ष विक्रम पण्डित, कालिका हरियाली सामुदायिक वनकी अध्यक्ष गान्धी घलान, नेपाल रेडक्रस सोसाईटी बस्तीपुरका सभापति राजु घले, सञ्चारकर्मी भीमसेन पौडेललगायतको आतिथ्यता रहेको थियो ।

# फागुनमा फिल्म रिलिजको चाप, २५ करोडको दबाब

काठमाडौं/नेपाली फिल्मको नियति के छ भने नआउँदा एउटै नआउने, आएपछि आ-आफैं जुध्ने गर्छन् । गत कात्तिकयता एक-एक महिनामा फिल्म रिलिज भए र आ-आफैं जुधेर सकिए । कात्तिकपछि मंसिर २९ गते 'जम्प र 'दुई कदम', पुष २७ गते 'चित्रा' र 'पर्खि बसें तिमीलाई' प्रदर्शन भए । अब यसको एक महिनामा अर्थात् यही माघ २६ गतेबाट 'हात्तीछाप' र 'दयारानी' प्रदर्शनमा आउँदैछन् ।

यसरी हेर्दा कात्तिकदेखि माघसम्म रिलिजको हिसाबले फिल्मको संख्या ६ पुग्नेछ । यो न्यून हो । एकातिर जाडो मौसम र अर्कोतिर ठूला भारतीय फिल्म रिलिजको चापले पनि नेपाली फिल्मको रिलिजमा कमी आएको देखिन्छ । तर, आगामी फागुनमा भने फिल्म रिलिजको ठूलो चाप छ । यो महिनामा ६ वटा फिल्म रिलिजको तयारीमा छन् । एउटै मितिमा ३ वटा फिल्मसम्म प्रदर्शन हुँदैछन् ।




फागुनको सुरुवात फिल्म 'जिग्री'बाट हुनेछ, जुन फागुन ४ गते रिलिज हुँदैछ । त्यसपछि फागुन ११ गते 'गोर्खा वारियर' र फागुन १८ गते 'द अनब्रेकेबल अगस्त्य' प्रदर्शनमा आउने तयारीमा छन् । यी ३ वटै फिल्मले सोलो रिलिजको दुर्लभ मौका पाएका छन् । जसले गर्दा हल र दर्शक बाँडिने छैनन् । तर, अघिल्ला हप्ताको फिल्मले 'पिकअप' लिएको अवस्थामा भने अर्को फिल्मलाई गाह्रो पर्नेछ ।

त्यस्तै, फागुन २५ गते नेपाली फिल्मबीच महासंग्राम हुँदैछ । यो मितिमा 'उपहार', 'रंगेली' र 'काँडेतार' गरी ३ वटा फिल्म रिलिजको तयारीमा छन् । महाशिवरात्रीको विदा छोप्न यो भिडन्त हुन लागेका हुन् । फागुनमा रिलिज हुन लागेका ६ वटा फिल्ममा गरी १२ करोडमाथि लगानी देखिन्छ । र, त्यो उठाउन लगभग २५ करोडको कमाई गर्नुपर्ने हुन्छ । यो असम्भव छैन, तर सहज पनि छैन ।

# अरुण चौधरीलाई छुटाउन चर्को दबाव, प्रहरीले अस्पतालमै लियो बयान

काठमाडौं/बाँसबारी छाला तथा जुत्ता कारखाना लिमिटेडको नाममा रहेको १० रोपनी सरकारी जग्गा हडपेको आरोपमा पक्राउ परेका व्यवसायी अरुण चौधरीलाई छिटो छाड्न प्रहरीलाई दबाव परेको छ । राजनीतिक दबावकै कारण केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले छिटो प्रतिवेदन बुझाउने तयारी गरेको छ ।

सीआईबीले व्यवसायी अरुण चौधरीसँगै बाँसबारी छाला तथा जुत्ता कारखानाका तत्कालीन कार्यकारी निर्देशक अजितनारायण थापा र सिजी चाँदवाग रेसिडेन्सीका सञ्चालक सञ्जय ठाकुरलाई बिहीबार पक्राउ गरेको थियो ।

आफू समेत शेयर सदस्य रहेको बेला भएको निर्णयलाई लिएर प्रहरीले भाइ अरुणलाई पक्राउ गरेपछि नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं सांसद विनोद चौधरीले दौडधुप बढाएका थिए । शुक्रबार कांग्रेस सांसदीय दलको बैठकमा उनले राजनीतिक प्रतिशोध राखेर पक्राउ गरेको बताएका छन् ।

स्रोतका अनुसार उनी बिहीबार साँझ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न पुगेका थिए भने सत्तारुढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले समेत यस विषयमा प्रधानमन्त्रीसँग कुरा गरेका थिए ।

त्यसको प्रभाव सीआईबी सम्म परेको छ । 'तत्काल छाड्नुपर्‍यो भन्ने दबाव छ' स्रोतले भन्यो । तीन महिना लामो अनुसन्धान गरेर पक्राउ गरेका कारण प्रहरीले छाड्नुको साटो छिटो प्रतिवेदन बुझाउने तयारी गरेको छ ।

त्यही कारण सीआईबीका अनुसन्धान अधिकृतहरुको टोलीले शुक्रबार नै ग्राण्डी अस्पताल पुगेर व्यवसायी चौधरी र बाँसबारीका पूर्व प्रमुख थापाको बयान लिएका छन् ।

बिहीबार साँझ दुवैलाई महाराजगञ्जस्थित चिरायू अस्पताल लगिएको थियो, तर राति स्वास्थ्यमा समस्या भएको भन्दै ग्राण्डी पुऱ्याइएको थियो । उनीहरुलाई राखिएको ग्राण्डी अस्पतालमै पुगेर सीआईबीका अधिकृतहरुले बयान लिएको प्रहरी उच्च स्रोतले पुष्टि गरेको छ ।

प्रहरीसँग दिएको बयानमा व्यवसायी चौधरीले आफूहरुले कानूनसम्मत काम मात्र गरेको दाबी गरेका छन् । 'विभिन्न निकायबाट निर्णय भएर हाम्रो कम्पनीको नामसम्म जग्गा आएको हो', चौधरीले भनेका छन् ।



तत्कालीन प्रमुख थापाले पनि त्यतिबेला आफूले गरेको निर्णय गलत भएको भन्ने थाहा नभएको दाबी गरेका छन् । 'त्यसरी अर्को कम्पनीको नाममा मेरो हैसियतले हस्तान्तरण गर्न मिल्थेन भन्ने भएको भए गर्ने थिइनँ, मलाई अरु कसैले पनि त्यतिबेला यो कुरा भनेनन्', उनले भनेका छन्, 'कारखाना लगातार घाटामा गएपछि यो निर्णय गरेका थियौं ।'

सीआईबीले भने सरकारी जग्गा हडप्ने योजनाका साथ काम भएको पाइएको दाबी गरेको छ । 'तीन महिनादेखि अनुसन्धान गरेर कागजात संकलन गरेका थियौं, आज आरोपीहरुको बयानसकियो', ब्यूरोका एक अधिकृतले भने, 'जग्गा हडपिएको पुष्टि हुने यथेष्ट आधारहरु छन्, यसमा धेरै गर्नुपर्ने कामहरु बाँकी छैनन् ।'

स्रोतका अनुसार सीआईबीले तीन महिनाअघि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई ब्रिफिङ गरेर गोप्य अनुसन्धान थालेको थियो । त्यसक्रममा यथेष्ट प्रमाणहरु फेला परेपछि पछिल्लो समय पटकपटकको ब्रिफिङपछि सीआईबी चौधरीलाई पक्राउ गर्ने तहसम्म पुगेको थियो ।

बिहीबार अरुण चौधरीलाई पक्राउ गर्नुअघि प्रहरी महानिरीक्षक (आईजीपी) बसन्तबहादुर कुँवर, सीआईबी प्रमुख एआईजी किरण बज्राचार्य लगायतले पटकपटक गृहमन्त्रीलाई ब्रिफिङ गरेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समेत ब्रिफिङ गरेपछि सीआईबीले पक्राउ गर्न 'ग्रिनसिग्नल' पाएको थियो । त्यसपछि लाजिम्पाटस्थित घरमा एउटा टोलीले रेकी र अर्को टोलीले अदालतबाट पूर्जी लिएर बिहीबार उनलाई पक्राउ गरेको थियो । तर उद्योगी व्यवसायी र सत्तारुढ दलबाट प्रधानमन्त्रीमाथि चर्को दबाव परेको छ ।

### जग्गा हडप्न श्रृंखलाबद्ध बदमासी

सीआईबीका एसएसपी दिनेश आचार्यका अनुसार, तत्कालीन श्री ५ को सरकारले बाँसबारी छाला जुत्ता उद्योगलाई २० कात्तिक २०३७ मा १८ रोपनी ३ आना २ पैसा जग्गा दिएको थियो ।

चीन सरकारको अनुदानमा स्थापना भएको बाँसबारी छाला जुत्ता कारखाना निरन्तर घाटामा गइरहेको निष्कर्ष निकाल्दै तत्कालीन बाँसबारी छाला जुत्ता उद्योगका अध्यक्ष अजितनारायण सिंह थापाले चौधरी घरानाका एक सदस्य करणदाससँग एउटा प्रबर्द्धन सम्झौता गरेका थिए । त्यसमा 'क्यान्भास स्पोर्टस् जुत्ता उत्पादन गर्न एउटा कम्पनी स्थापना गर्ने' भनेर उल्लेख भएको एसएसपी आचार्य बताउँछन् ।

सम्झौताअनुसार, त्यो कम्पनीमा करणदास चौधरी र परिवारको ५१ प्रतिशत शेयर र हने भनिएको थियो । २५ प्रतिशत बाँसबारी छाला जुत्ता उद्योग र २४ प्रतिशत सर्वसाधारणको शेयर रहने भनिएको थियो ।

१३ भदौ २०४३ मा भएको सम्झौताअनुसार २७ कात्तिक २०४३ मा यो कम्पनी दर्ता भएको भेटिएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् । त्यतिबेला विनोद चौधरीको पनि कम्पनीमा २०० कित्ता शेयर रहेको देखिन्छ, तर कम्पनीको पछिल्लो विवरणमा भने उनको संलग्नता देखिएको छैन ।

त्यसपछि ५ भदौ २०४४ मा बाँसबारी छालाजुत्ता कारखानाको ६ रोपनी जग्गा च्यापियन फुटवेयरको नाममा हस्तान्तरण गरेको देखिन्छ । सीआईबीका एसएसपी आचार्यका अनुसार, त्यतिबेला जग्गाको मूल्यांकन प्रतिरोपनी २ लाख ५० हजार रुपैयाँ गरिएको थियो ।

सीआईबीकी प्रमुख एआईजी किरण बज्राचार्यका अनुसार, मालपोत ऐन, २०३४ अनुसार सरकारी जग्गा कुनै पनि कम्पनीको नाममा नामसारी गर्न मन्त्रिपरिषद्को स्वीकृति अनिवार्य हुन्छ । 'तर तत्कालीन सञ्चालक समिति अध्यक्ष अजितनारायण सिंह थापाले आफूले नै निर्णय गरेर जग्गा नामसारी गर्ने निर्णय गरेको भेटिएको छ', बज्राचार्यले भने, 'यसमा थापाको बदनियत देखिन्छ, त्यसैले उनलाई पनि पक्राउ गरेका हौं ।'

प्रहरीका अनुसार थप ४ रोपनी जग्गा च्याम्पियन फुटवेयरको नाममा गएको देखिन्छ । च्याम्पियन फुटवेयर कम्पनीको सुरुको कुल पूँजी ५० लाख रुपैयाँ थियो, त्यसअनुसार बाँसबारीको २५ प्रतिशत शेयरका लागि साढे ६ लाख मात्र लगानी गर्नुपर्ने हुन्थ्यो । तर ६ रोपनी जग्गा लिएसकेपछि कुल पुँजी एक करोड लेखनएर ४ रोपनी जग्गा च्याम्पियन फुटवेयरलाई दिएको पाइएको छ । 'सर्वसाधारणका लागि भनिएको २४ प्रतिशत शेयर भने कहिल्यै जारी भएको देखिन्न' एसएसपी आचार्यले भने, 'च्याम्पियन फुटवेयर पनि दुईतीन वर्षमै बन्द भयो ।'

त्यसैले प्रवर्द्धन सम्झौताको पूर्ण उद्देश्य नै बाँसबारी छालाजुत्ता उद्योगको १० रोपनी जग्गा हडप्ने मात्र भएको प्रहरी अनुसन्धानको निष्कर्ष छ । 'स्थापना भएको दुई वर्षमै जुत्ता कारखाना बन्द भएकाले पनि त्यसलाई पुष्ट्याइँ गर्छ', आचार्य भन्छन् ।

२० असार २०४९ मा सरकारले बाँसबारी छालाजुत्ता कारखानालाई निजीकरण गर्ने प्रस्ताव गरेको विवरण भेटिएको छ । त्यसबेला सरकारको नाममा भएको २५ प्रतिशत शेयर खरिद गर्न भन्दै अरुणकुमार चौधरी गएको पाइएको छ । 'अर्को निर्णयबाट महालेखा नियन्त्रकको कार्यालयबाट २५ प्रतिशत शेयरको लिलामी सूचना निकाल्ने निर्णय भएको भेटिएको छ', ब्यूरोका अर्का अनुसन्धान अधिकृत भन्छन्, 'त्यतिबेला गोरखापत्रमा पनि कारखानाले लगानी गरेको २५ प्रतिशत शेयर विक्रीका लागि सूचना प्रकाशित भएको देखिन्छ ।'

यसरी ११ साउन २०५२ मा २५ प्रतिशत शेयर आफ्नो नाममा हात पारेपछि अरुणले ४ पुस २०५४ मा कम्पनीलाई प्राइभेट लिमिटेड बनाउँछन् । त्यसपछि सरकारी जग्गा सम्पूर्ण रुपमा सरकारबाट व्यक्तिको स्वामित्वमा गएको अनुसन्धानमा संलग्न अधिकृहरुको भनाइ छ ।

पछिल्लो समय च्यापियन फुटवेयर प्रालिको नाम परिवर्तन गरेर सीजी चाँदबाग रेजिडेन्सी बनाएको छ । जसको सञ्चालक सञ्जय ठाकुर छन् भने सञ्चालक सदस्यमा अरुण र उनकी पत्नी शिला छिन् ।

बाँसबारीको १० रोपनी जग्गा यही कम्पनी सीजी चाँदबाग रेजिडेन्सीको नाममा छ भने अहिले त्यहाँ चाँदबाघ स्कुल सञ्चालनमा छ ।

'बाहिर भनिएजस्तो अनुसन्धान नै नगरी हठात् व्यवसायीलाई पक्राउ गरिएको विषय होइन' शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सीआईबीका एसएसपी आचार्यले भने, 'एक जना अध्यक्षको एकल निर्णयले सरकारी जग्गा कुनै कम्पनीको नाममा शेयरका रुपमा लिएर विस्तारै प्रा.लि. बनाएर निजीकरण गरेको पुष्टि हुने यथेष्ट आधारहरु देखिएपछि पक्राउ गरेका हौं ।'

*(स्रोत: अनलाइनखबर)*

# विजय अब राजनीतिमा, घोषणा गरे पार्टी

एजेन्सी, काठमाडौं/ तमिल सुपरस्टार थलापति विजय अब राजनीतिमा आएका छन् । त्यसका लागि उनले शुक्रबार आफ्नो पार्टीको घोषणा गरेका छन् । 'तमिझागा वेत्री कझगम' नाम राखिएको उनको पार्टी भारतीय निर्वाचन आयोगमा दर्ता भैसकेको छ । सन् २०२६ मा हुने विधान सभामा उनको पार्टीले चुनाव लड्ने समेत घोषणा गरिएको छ । यसै वर्ष हुने लोकसभा चुनावमा भने उनको पार्टी तठस्थ रहनेछ ।

पार्टी घोषणा गर्दै विजयले भनेका छन्, 'पार्टी ईसीआई (चुनाव आयोग)मा दर्ता भैसकेको छ । पार्टीको सामान्य परिषद् र कार्यकारी समितिले २०२४ को लोकसभा चुनाव नलड्ने र कुनै पनि पार्टीलाई समर्थन नगर्ने निर्णय गरेको छ ।' उनले राजनीतिलाई आफूले पेशाको रुपमा नलिएको स्पष्ट पार्दै यसलाई 'पवित्र सेवा' भनेका छन् । उनको पार्टीको शाब्दिक अर्थ 'तमिलनाडु विजय पार्टी' हो ।

त्यसो त विजयले केही वर्ष पहिल्यै राजनीतिमा आउने संकेत गरेका थिए । फ्यान क्लबमार्फत् उनी सामाजिक कार्यमा पनि सक्रिय थिए । उनको नाममा यसअघि विजय मक्कल इयक्कम पार्टी समेत खुलेको थियो । त्यो पार्टीमा उनी आबद्ध नहुँदा पनि त्यसले सन् २०२१ मा तमिलनाडुको स्थानीय निकायको चुनावमा ११५ सिट जितेको थियो । यसले पनि तमिल क्षेत्रमा विजयको



प्रभाव बोल्छ । राजनीतिमा आउने विजय पहिलो दक्षित भारतीय कलाकार भने होइनन् । मुरपोक्कू द्रविड कडगम, एम. जी. रामचन्द्रन, जुनियर एन्टीआरका पिता तथा अभिनेता नन्दमुरी हरिकृष्ण, विजयकान्त, कमल हसन, पवन कल्याण, जयललिता जस्ता कलाकारहरुले राजनीतिमा उपस्थिति जनाइसकेका छन् । विजय भने तमिल क्षेत्रमा रजनीकान्त पछिकै सबैभन्दा प्रभावशाली अभिनेता मानिन्छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मनहरी महोत्सवमा गजुरेलको बेजोड प्रस्तुती




साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/पाँचौ मनहरी महोत्सवमा हाँस्य कलाकार मनोज गजुरेलले शानदार प्रस्तुति पस्किएका छन् । उनको एकल प्रस्तुति र अर्का कलाकार तथा महोत्सवकमा व्यवस्थापक रामेश्वर रिजालसँगको संयुक्त प्रस्तुतिमा दर्शकले भरपूर मनोरन्जन लिएका छन् ।

कलाकार गजुरेलले राजनीतिक दल र तिनका नेताप्रति ब्यङ्ग्य प्रहार गर्ने क्रममा पार्टीको नाम नतोकीकन 'मनहरीको माधव नेपाल को हो ? भनी प्रश्न गरेका थिए । त्यस क्रममा कलाकार गजुरेलले माधव नेपालको क्यारिकेचर गर्दै 'अपमान भयो' भन्ने बाक्यांश अभिनयात्मक शैलीमा प्रस्तुत गरेका थिए । उनले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउबाले बोलेको नबुझेको र आफूले भनेको कुरो तुरुन्तै बिर्सने स्वभाव भएको भन्दै ब्यङ्ग्य गरे । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्माओलीका समेत क्यारिकेचर गरे ।

रिजालले आफूलाई प्रचण्डको रुपमा प्रस्तुत गर्दै केही समय गजुरेल र रिजालबीच ब्यङ्ग्यात्मक सम्बाद भएको थियो । चौथो दिनको महोत्सवमा तामाङ समुदायमा बहुचर्चित गायक बिशाल कान्तान र चर्चित लोकदोहोरी गायक कृष्ण रेउलेले गायन प्रस्तुन गरेका थिए । नियमितरुपमा आस्था कलाकेन्द्र मनहरीको प्रस्तुतिमा एकदर्जन बढी नृत्य प्रस्तुत भइरहेको छ भने लाइभ बाजा बजाउनका लागि बाद्यबादकको टोली पनि कार्यक्रममा सहभागी रहेको कलाकार संयोजक बिष्णुराम कालाखेतीले बताए ।

स्थानीय अनुषा चेपाङ, अमित लोप्चन, प्रमिला मगरले दोहोरी गीत प्रस्तुत गरेका थिए । त्यसैगरी स्थानीय एन्फेरियर ब्याण्डसहित अन्य ब्याण्डले महोत्सवको माहोल तताएको थियो । महोत्सवको माघ १९ गतेको प्रस्तोताका रुपमा राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान मकवानपुरका अध्यक्ष रविन्द्र थिङले भूमिका निर्बाह गरेका थिए । माघ २० गते चर्चित लोकगायक पशुपति शर्मा र सम्झना लामिछाने मगर सहित नृत्य क्षेत्रमा चर्चित सरोज प्रजा र बिना राउतको जोडीको प्रस्तुति हुने आयोजकले जनाएको छ ।

माघ १६ गते सुरुवात भएको पाँचौ मनहरी महोत्सव २८ गतेसम्म सञ्चालन हुनेछ । महोत्सवमा स्थानीय परिकार र उत्पादनका स्टलसहित १५० स्टल छन् । स्थानीय माछा, तामा, मास, गहत दलहन, चेपाङ जातिले जीवनयापनका लागि उपभोग गर्ने गिठ्ठा भ्याकुर, बनकरिया समुदायद्वारा उत्पादित साबुन, कैलाश गाउँपालिकाको तर्फबाट कुरिलोसहितका कृषि उत्पादनका बस्तुहरु, राक्सिराङ गाउँपालिकामा उत्पादित कृषिजन्य बस्तु तथा फापरको मम, सेलरोटी लगायतका स्थानीय बस्तुलाई महोत्सवमा प्रबर्द्धन गरिएको छ ।

# मनहरीमा रोकियो बालविवाह

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मकवानपुरको मनहरी गाउँपालिकाका जनप्रतिनिधिको सक्रियतामा हुन लागेको बाल बालविवाह रोकिएको छ । कोशी प्रदेश उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-८ मा बालविवाह हुन लागेको सूचना पाएपछि मनहरीका जनप्रतिनिधि र सरोकारवाला निकायको सक्रियतामा विवाह रोकिएको छ ।

माघ १४ गते गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको नेतृत्वमा सामाजिक विकास समितिका संयोजक अनन्त प्रकाश अर्याल, सिविन नेपाल मकवानपुरका संयोजक झविन्द्र ज्ञवाली, बालअधिकार समिति मनहरीका सदस्यहरु देवकी ढुंगाना, अस्मिता कार्की, बालसन्जालका सल्लाहकार अन्जन सापकोटा उदयपुर गएर त्यहाको जनप्रतिनिधिसँग समन्वय गरी घरमा पुगेर परिवारलाई सम्झाईबुझाई गरेर बालिकालाई १८ माघमा घर फर्काइएको थियो ।

मकवानपुरको मनहरी गाउँपालिका-५ की १६ वर्षकी बालिका र उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं ८ का २१ बर्षका थिए । बालिका १८ वर्षभन्दा कम उमेरको भएकाले बालविवाह हुन लागेको गोप्य सूचनाका आधारमा बालविवाह रोकिएको थियो ।

# एन्ड्रसले जित्यो मिडिया कप उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/रेडियो मकवानपुरको १४ औं वार्षिकोत्सवको अवसरमा आयोजित मिडियास्तरीय फुटसल प्रतियोगिताको उपाधी टिम एन्ड्रसले जितेको छ ।

शुक्रबार भएको फाइनल खेलमा आयोजक रेडियो मकवानपुर लाई २-० गोल अन्तरले पराजित गर्दै एन्ड्रसले उपाधि जितेको हो । एन्ड्रसको जीतमा सरोज पौडेलले दुई गोल गरे । रविन्द्र वाईबाको निर्णायक गोलमा खेलकुद पत्रकार मञ्च मकवानपुरलाई हराउँदै टिम एन्ड्रस फाइनलमा प्रवेश गरेको थियो । यस्तै उपविजेता आयोजक रेडियो मकवानपुर नेपाल पत्रकार महासंघलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो ।

विजेता टिम एन्ड्रस अघिल्लो वर्ष खेलकुद पत्रकार मञ्चद्वारा आयोजित जिल्लास्तरीय मिडिया कपको विजेतासमेत हो । विजेता टिमलाई आगामी सोमबार सप्ताहव्यापी कार्यक्रम समापनका दिन पुरस्कार वितरण गरिने रेडियो मकवानपुरका स्टेसन म्यानेजर गनेश अधिकारीले बताए । रेडियो मकवानपुरले आफ्नो वार्षिकोत्सवमा अवसरमा गएको मंगलबारदेखि सप्ताहव्यापी कार्यक्रम सुरु गरेको छ ।

पहिलो दिन सहिदको विषयमा रचनावाचन, दोस्रो दिन हेटौंडा क्याम्पसमा सेनटरी प्याड वितरण र तेस्रो दिन ओम वृद्धाश्रममा खाद्यान्न सहयोग गरेको थियो । यस्तै शनिबार मनहरी-५ मा नि:शुल्क स्वास्थ्य शिविर, आइतबार बालमैत्री नगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वतृत्वकला प्रतियोगिता आयोजना हुने र सोमबार समापन गरिने छ ।

# 'डिजास्टर रिकभरी' हेटौंडामा थप २० दरबन्दी स्वीकृत




साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ सरकारले राष्ट्रिय सूचना प्रविधिकेन्द्र (एनआईटीसी) अन्तर्गत्को डिजास्टर रिकभरी कार्यालय, हेटौंडामा थप २० जना कर्मचारीको दरबन्दी स्वीकृत गरेको छ ।

सरकारी डाटा सेन्टरका चलाइरहेको राष्ट्रिय सूचना प्रविधिकेन्द्र (एनआईटीसी) खारेज हुनबाट जोगिएसँगै हेटौंडाले पनि स्थायी कर्मचारी पाएको हो । मन्त्रिपरिषद् बैठकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका विभिन्न दर बन्दीहरु पुनरावलोकन गर्दै एकीकृत डाटा व्यवस्थापन केन्द्रका रुपमा संगठन संरचना बदलेर 'राष्ट्रिय सूचनाप्रविधि केन्द्र'लाई कायम राख्ने निर्णय गरेको छ । अब राष्ट्रिय सूचनाप्रविधि केन्द्र सूचनाप्रविधि विभाग मातहत रहनेछ ।

चालु आर्थिक वर्ष २०८०/८१ को बजेटले राष्ट्रिय सूचनाप्रविधि केन्द्र खारेज गरेर यसको सबै काम सूचना प्रविधि विभागले गर्ने घोषणा गरेको थियो । तर, सरकारले विभागको संगठन संरचना समेत परिवर्तन गरेको छ र सूचना प्रविध केन्द्रलाई सञ्चार मन्त्रालय र सूचनाप्रविधि विभाग अन्तरगतकै एक कार्यालयका रुपमा राख्ने गरी संगठन संचना स्वीकृत गरेको छ । सरकारले अहिलेसम्म अस्थायी र करार कर्मचारीका भरमा चलिरहेको केन्द्रलाई अब स्थायी समेत गरी कूल ५९ वटा दरबन्दी दिएको छ ।

त्यसमध्ये काठमाडौंको डाटा सेन्टरमा भने ३९ जनाको मात्रै दरबन्दी स्वीकृत भएको छ । डाटा सेन्टरमा ४४ इन्जिनियर (टेक्निसियन सहित)को दरबन्दी कायम भएको छ । यसअघिको संगठन संरचनाबाट प्रशासनिक कर्मचारी घटाएर अब स्थायी दरबन्दीका प्राविधिक जनशक्तिको दरबन्दी थपिएको हो । केन्द्रको नेतृत्व सूचना प्रविधितर्फका सहसचिवले गर्नेछन् । हालसम्म ५ वर्षको राजनीतिक नियुक्ति लिएर आउने इन्जिनियरले केन्द्रको नेतृत्व गर्ने गरेका थिए । अब सहसचिवले नेतृत्व गर्ने केन्द्रको सूचनाप्रविधि शाखामा सूचना प्रविधि हेर्ने एक जना उपसचिव (निर्देशक) रहेनछन् ।

सूचनाप्रविधि केन्द्र मातहत नै रहने डिजास्टर रिकभरी कार्यालय, हेटौंडामा निर्देशक (उपसचिव) ले नेतृत्व गर्नेछन् । सो केन्द्रलाई थप २० जनाको दरबन्दी दिइएको छ । डिजास्टर रिकभरी कार्यालयको डाटा सेन्टर हेर्ने १ जना कम्प्युटर अधिकृत, सिस्टम एड्मिनिस्ट्रेसन हेर्न ३ जना अधिकृत, ३ जना नेटवर्क एड्मिनिस्ट्रेसन हेर्न कम्प्यूटर अधिकृत र २ जना डाटा सेन्टर हेर्न कम्प्युटर टेक्निसियन (नासु) को दरबन्दी दिइएको छ । सो कार्यालयका लागि १ जना इलेक्ट्रिकल इन्जिनियर र ३ जना इलेक्ट्रिकल टेक्निसियन (नासु) सहित प्रशासनतर्फ १ नासु, १ लेखापाल, २ हलुका सवारिचालक र २ कार्यालय सहयोगीको दबरन्दी सृजना गरिएको छ ।

राष्ट्रिय सूचनाप्रविधि केन्द्रले सरकारी डाटाको भण्डारण, सञ्चालन, व्यवस्थापन, प्रशोधन तथा सुरक्षण, साझा कम्प्युटिङ स्रोतहरु, परामर्श सेवा, सरकारी डोमेन दर्ता, इमेल सर्भर, सरकारी नेटवर्क व्यवस्थापनको काम गरिरहेको छ । यसका अतिरिक्त कोलोकेसन सेवा, भर्चुलाइजेसन, क्लाउड सेवा, वेब होष्टिङ, सफ्टवेयर विकास र जनशक्ति तालिमको जिम्मा पाएको छ । विमानस्थलदेखि पासपोर्ट, रीष्ट्रिय परिचयपत्रजस्ता कयौं संवेदनशील सेवाहरु जोडिएको सूचना प्रविधि केन्द्र चौबिसै घण्टा काम गर्ने निकाय हो । समस्या आउँदा तुरुन्तै निर्णय गरेर समाधानमा लागिहाल्नुपर्ने भएकाले यो निकाय संवेदनशील पनि मानिन्छ ।

२०६७ सालमा स्थापित भण्डारण सञ्जाल नै आजको 'सरकारी एकीकृत डाटा केन्द्र' हो । केही गरी समस्या आएमा सबै डाटा नष्ट नहोस् भनी ३१ वैशाख २०७६ देखि मकवानपुरको हेटौंडामा 'डिजास्टर रिकभरी केन्द्र' सञ्चालनमा छ । तर, हेटौंडामा रहेका डिजास्टर रिकभरी सेन्टरमा पनि सबै डाटाको ब्याकअप राख्ने प्रचलन बसेको छैन ।

# सिमसार दिवसमा राप्ती सफाई



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ राप्तीनदी तटीयक्षेत्र सरसफाई अभियान चितवनको आयोजना हिमालयन राइडर्स सोसाइटी मकवानपुरको समन्वयमा राप्ती तट सफाई गरिएको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज, जिल्ला डिभिजन वन कार्यालय मकवानपुर, वन तथा वातावरण मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय बागमती प्रदेश, वनविज्ञान अध्यन संस्थान हेटौंडा, कृषि, वन विश्वविद्यालय हेटौंडा, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति, स्वास्थ्य मन्त्रालय, हेटौंडा अस्पताल, जिल्ला प्रशासन कार्यलय मकवानपुर, जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर, मकवानपुर शसस्त्र प्रहरी बल हेटौंडा, हेटौंडा उप-महानगरपालिकाका प्रतिनिधि सहभागी थिए ।

सफाई अभियानमा पत्रकार, मकवानपुर जिल्ला साईकिलिङ संघ, हेटौंडा राईडर्स क्लब, भुटनदेबी मन्दिर ब्यबस्थापन समिति, कुष्माण्ड सरोवर त्रीबेणीधाम विकास समितिलगायत बिभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । हेक फेब्रुअरी २ मा विश्व सिमसार दिवस मनाउने गरिन्छ । बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको आर्थिक सहयोगमा भएको कार्यक्रममा नगर प्रमुख मीनाकुमार लामाको उपस्थिति रहेको थियो ।

प्राध्यापक, विद्यार्थी, ब्यवसायी, कर्मचारी, समाजसेवी लगायतका ब्यक्तिले राप्ती सफाई गरेका थिए । राप्तीनदी तटीय क्षेत्र सरसफाई अभियानका अभियानकर्मी अपिल घिमिरे, कुष्माण्ड सरोवर त्रिबेणीधाम विकास समितिका अध्यक्ष इश्वरीप्रसाद न्यौपाने, समितिका मणि सुवेदी, भुटनदेबी मन्दिर विकास समितिका अध्यक्ष राममान श्रेष्ठ, हिमालयन राइडर्सका अध्यक्ष रामकुमार थापा, उपाध्यक्ष राजु थापामगर लगायत सहभागी थिए ।

#HetaudaAcademy

हार्दिक समवेदना

जन्म
वि.सं. २०१२ साउन ८



स्वर्गारोहण
वि.सं. २०८० माघ १३

स्व. अर्जुन बहादुर पौडेल

यस विद्यालयमा कार्यरत कर्मचारी **श्री रवीन पौडेल**को पुजनीय पिता **श्री अर्जुन बहादुर पौडेल** को असामयिक निधन भएको खबरले सिंगो विद्यालय परिवार मर्माहत भएको छ । दु:खको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै सम्पूर्ण शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरु:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना